# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४० ) काठमाडौं, मंसीर ५ गते २०४७ साल ( अतिरिक्ताङ्क ४०

## भाग ३

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको सूचना

**श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७**

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ४१ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सल्लाह र सम्मति अनुसार श्री ५ को सरकारको कार्य विभाजनको लागि देहायको नियमावली स्वीकृत गरिबक्सेको छ –

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः यस नियमावलीमा–

(क) "सचिव" भन्नाले श्री ५ को सरकारको सचिव सम्झनु पर्दछ र सो शब्दले श्री ५ को सरकारको मुख्य सचिवलाई समेत जनाउँछ ।

(ख) "मन्त्रालय" भन्नाले यस नियमावलीको अनुसूची १ मा उल्लेखित सचिवालयलाई समेत जनाउँछ ।

३. मन्त्रालयः श्री ५ को सरकारको कार्य सम्पादन अनुसूची १ मा तोकिएबमोजिमका मन्त्रालयद्वारा गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर श्री ५ को सरकारले नेपाल राजपत्रमा आदेश जारी गरी मन्त्रालयको नाममा हेरफेर र संख्या थपघट गर्न सक्नेछ ।

४. कामको बाँडफाँडः मन्त्रालयको कामको बाँडफाँड अनुसूची २ मा तोकिएबमोजिम हुनेछ ।

तर श्री ५ को सरकारले नेपाल राजपत्रमा आदेश जारी गरी कुनै मन्त्रालयको काम अर्को मन्त्रालयमा सार्न सक्नेछ ।

५. मन्त्रीहरूमा कार्यभारको विभाजनः एउटै मन्त्री वा राज्यमन्त्रीलाई एक वा एकभन्दा बढी मन्त्रालयको अख्तियार दिई कार्यभार विभाजन हुन सक्नेछ ।

६. खारेजीः खण्ड ४० मिति २०४७।१।५ अतिरिक्ताङ्क २(ख) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित "श्री ५ को सरकार (कार्य विभाजन) नियमावली, २०४७" खारेज गरिएको छ ।

अनुसूची–१
(नियम ३ सँग सम्बन्धित)
मन्त्रालयको नाम

१. मन्त्रिपरिषद् सचिवालय
२. अर्थ मन्त्रालय
३. आपूर्ति मन्त्रालय
४. आवास तथा भौतिक योजना मन्त्रालय
५. उद्योग मन्त्रालय
६. कानून तथा न्याय मन्त्रालय
७. कृषि मन्त्रालय
८. गृह मन्त्रालय
९. जलस्रोत मन्त्रालय
१०. निर्माण तथा यातायात मन्त्रालय
११. पर्यटन मन्त्रालय
१२. परराष्ट्र मन्त्रालय
१३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय
१४. रक्षा मन्त्रालय
१५. वन तथा भू-संरक्षण मन्त्रालय



४८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. वाणिज्य मन्त्रालय
१७. शिक्षा तथा संस्कृति मन्त्रालय
१८. श्रम तथा सामाजिक कल्याण मन्त्रालय
१९. सञ्चार मन्त्रालय
२०. सामान्य प्रशासन मन्त्रालय
२१. स्थानीय विकास मन्त्रालय
२२. स्वास्थ्य मन्त्रालय

## अनुसूची–२
(नियम ४ सँग सम्बन्धित)
मन्त्रालयको काम

### १. मन्त्रिपरिषद् सचिवालय

१. राजदरबार सम्बन्धी
२. मन्त्रिपरिषद् सम्बन्धी
३. विभिन्न मन्त्रालयको कार्यको रेखदेख, समन्वय तथा नियन्त्रण
४. श्री ५ को सरकारको कार्य विभाजन र कार्य सम्पादन व्यवस्था सम्बन्धी
५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को निर्देशनहरूको कार्यान्वयन सम्बन्धी
६. राष्ट्रिय योजना आयोग सम्बन्धी
७. संवैधानिक परिषद् सम्बन्धी
८. संसद सम्बन्धी

### २. अर्थ मन्त्रालय

१. आर्थिक नीति, प्रशासन र नियन्त्रण
२. आर्थिक विश्लेषण
३. आर्थिक साधनहरूको बाँडफाँड
४. मुद्रा
५. बैंकिङ्ग सम्बन्धी (कृषि विकास बैंक समेत)
६. बीमा सम्बन्धी
७. आय-व्यय विवरण (बजेट)
८. राजस्व नीति तथा योजना
९. राजस्व प्रशासन एवं सङ्कलनः– (क) भन्सार (ख) अन्तःशुल्क (ग) आयकर, बिक्रीकर र श्री ५ को सरकारले समय समयमा लगाएको अन्य करहरू तथा पोतहरू ।



४६१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. सामान्य मूल्य नीति
११. आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र अर्थ व्यवस्था सम्बन्धी
१२. अन्तर्राष्ट्रिय आर्थिक एवं मुद्रा सम्बन्धी सम्मेलन
१३. वैदेशिक सहायता सम्बन्धी
१४. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण
१५. सार्वजनिक ऋण तथा जमानत
१६. तलब, भत्ता, दैनिक एवं भ्रमण भत्ता, निवृत्तभरण, उपदान आदि
१७. सरकारी संस्थानको तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी सामान्य नीति
१८. सरकारी कोषको प्रशासन
१९. लेखा नियन्त्रण
२०. महालेखा परीक्षकको विभाग सम्बन्धी
२१. कर्मचारी सञ्चयकोष सम्बन्धी
२२. संस्थान समन्वय सम्बन्धी ।

## ३. आपूर्ति मन्त्रालय

१. अत्यावश्यक वस्तुहरूको आपूर्ति सम्बन्धी नीति र कार्यान्वयन
२. आपूर्ति सम्बन्धी अनुसन्धान, अध्ययन, सर्वेक्षण, विश्लेषण तथा तालीम
३. आपूर्ति सम्बन्धी संस्थानहरू (नेपाल खाद्य संस्थान, टिम्बर कर्पोरेशन, कोल कम्पनी, राष्ट्रिय व्यापार निगम, नेपाल आयल निगम, नेपाल ल्यूब आयल, नेपाल बिटुमीन तथा ब्यारेल उद्योग, कोशी व्यापार कम्पनी)
४. अत्यावश्यक वस्तुहरूको आपूर्ति सम्बन्धी प्रशासन
५. बजार व्यवस्था र मूल्य सुपरिवेक्षण
६. खाद्य आपूर्ति सम्बन्धी नीति र कार्यान्वयन
७. राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय आपूर्ति सम्बन्धी संघ संस्थाहरूसँगको सम्पर्क र समन्वय
८. सर्वसाधारण जनताको लागि अत्यावश्यकीय उपभोग्य पदार्थहरूको नियमित र सन्तुलित आपूर्ति व्यवस्था गर्ने
९. निर्माण सामग्रीहरू र अत्यावश्यक उपभोग्य वस्तु आयात गर्नुपर्ने सम्बन्धमा वाणिज्य मन्त्रालयसँग समन्वय मिलाई व्यवस्था गर्ने ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ४. आवास तथा भौतिक योजना मन्त्रालय

१. आवास नीति, योजना र कार्यक्रमहरू
२. सरकारी भवनहरूको निर्माण तथा मर्मत सम्भार सम्बन्धी मार्गदर्शन एवं रेखदेख
३. भवन निर्माण सामग्रीहरू एवं निर्माण प्रविधि सम्बन्धी अनुसन्धान, विकास तथा मापदण्डहरू
४. शहरीकरण वा नगर विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरू
५. भौतिक योजना र भौतिक पूर्वाधारहरूको विकास
६. वातावरणीय संरक्षण योजना र सुधार
७. बसोवास र बस्ती विकास
८. खानेपानीको व्यवस्था
९. ढल निकास
१०. सरसफाइ तथा प्रदूषण नियन्त्रण
११. नगर विकास समितिहरू तथा सरकारी क्षेत्रका आवास निर्माण सम्बन्धी संस्थाहरूको रेखदेख
१२. आवास निर्माण सम्बन्धी गैरसरकारी क्षेत्रका संस्थाहरूको प्रवर्द्धन तथा विकास
१३. आवास तथा भौतिक योजना क्षेत्रहरूमा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थाहरूसंग सम्पर्क र सहयोग
१४. इन्जिनियरिङ सेवाको जनरल बिल्डिङ एण्ड आर्किटेक्ट तथा स्यानिटरी उपसमूहहरू सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको सञ्चालन ।

## ५. उद्योग मन्त्रालय

१. उद्योग सम्बन्धी नीति तथा कार्यान्वयन
२. खानी तथा खनिज अन्वेषण सम्बन्धी नीति तथा कार्यक्रम
३. खानी तथा खनिज विकास सम्बन्धी अध्ययन, तालीम, अन्वेषण तथा सर्भेक्षण
४. सरकारी क्षेत्रमा औद्योगिक कार्य
५. औद्योगिक संघ संस्थाहरू
६. औद्योगिक क्षेत्रहरू
७. औद्योगिक नियोगहरू
८. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय औद्योगिक संस्थाहरूसंगको सम्पर्क


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. वैदेशिक लगानी, प्रवर्द्धन तथा सो सम्बन्धी कार्य
१०. घरेलु तथा ग्रामीण सीप र उद्योगको संरक्षण तथा प्रवर्द्धन
११. नाप तौल र गुणस्तर निर्धारण तथा प्रवर्द्धन
१२. औद्योगिक लगानी प्रवर्द्धन
१३. उद्योग सम्बन्धी संस्थानहरू
१४. उत्पादकत्व वृद्धि सम्बन्धी नीति तथा कार्यक्रम
१५. प्रविधि विकास र प्रविधि हस्तान्तरण सम्बन्धी
१६. औद्योगिक जनशक्तिको विकास तथा तालीम, अन्वेषण तथा सर्वेक्षण
१७. औद्योगिक प्रवर्द्धन तथा संरक्षण
१८. पेटेण्ट, डिजाइन र ट्रेडमार्क सम्बन्धी
१९. नेपाल इन्जिनियरिङ सेवा अन्तर्गत माइनिङ, जियोलोजी, केमिष्ट्री, केमिकल, मेटालर्जिकल र मेट्रोलोजी समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको सञ्चालन ।

## ६. कानून तथा न्याय मन्त्रालय

१. ऐन, अध्यादेश, नियम र आदेश बनाउने सम्बन्धमा परामर्श दिने, मस्यौदा गर्ने र मस्यौदा जाँच्ने
२. प्रचलित नेपाल कानून, अन्तर्राष्ट्रिय कानून, न्याय प्रणाली र न्याय प्रशासन सम्बन्धमा अनुसन्धान गर्ने, भैरहेको कानूनको पुनरावलोकन गर्ने, सुधार गर्ने, आवश्यक नयाँ कानूनको सुझाव गर्ने र विकास गर्ने ।
३. नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाहरूको सम्पादन गर्ने
४. कानूनी राय सल्लाह दिने
५. अन्तर्राष्ट्रिय करार तथा अन्य लिखतको मस्यौदा गर्ने, मस्यौदा जाँच्ने र सो सम्बन्धमा परामर्श दिने
६. सरकारी मुद्दा वापस लिने, मिलापत्र गर्ने, श्री ५ को सरकारलाई सरोकार पर्ने मुद्दामा सरकारी वकिलबाट बहस, पैरवी वा प्रतिरक्षा गराउने
७. देहायका विषयमा कानूनी परामर्श दिनेः–
   (क) बहुपक्षीय सन्धि-सम्झौता स्वीकार (र्‍याटिफिकेशन र एक्सेशन) गर्ने
   (ख) अन्तर्राष्ट्रिय वा अन्तरसरकारी संस्थाको सदस्यता ग्रहण गर्ने
   (ग) अन्तर्राष्ट्रिय कानूनी दायित्व व्यहोर्ने


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अन्तरराष्ट्रिय सम्मेलन वा वार्ताहरूमा अन्तरराष्ट्रिय कानूनको बिषयमा अपनाउनु पर्ने दृष्टिकोण

८. अन्तरराष्ट्रिय कानूनी विवाद

९. अन्तरराष्ट्रिय कानून सम्बन्धी संस्था र सम्मेलनहरू तथा अन्तरराष्ट्रिय संस्था र सम्मेलनहरूको कानूनी पक्ष

१०. श्री ५ को सरकारलाई आवश्यक पर्ने कानून वा लिखतको अनुवाद गर्ने, अनुवाद जाँच्ने र सन्धि-सम्झौताको अनुवाद गर्ने

११. सन्धि-सम्झौताहरू र कानूनको एकीकरण र प्रकाशन

१२. न्याय सेवा आयोग सम्बन्धी र न्याय सेवाको कर्मचारी प्रशासन

१३. सर्वोच्च अदालत अन्तर्गतका अदालत सम्बन्धी काम न्याय प्रशासन, मुद्दा र अदालती लगतको तथ्याङ्क तथा सरकारी मुद्दाको तथ्याङ्क

१४. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिल प्रशासन

१५. राजस्व न्यायाधिकरण सम्बन्धी काम र प्रशासन

१६. विशेष अदालत र न्यायिक जाँचबुझ आयोग सम्बन्धी

१७. कानून र न्याय प्रशासन सुधार आयोगहरू सम्बन्धी

१८. कानून व्यवसाय र निःशुल्क कानूनी सहायता

१९. कानून किताब व्यवस्था समिति सम्बन्धी

२०. कानून सम्बन्धी गोष्ठी र तालीम

२१. न्याय परिषद् सम्बन्धी ।

## ७. कृषि मन्त्रालय

१. कृषि तथा कृषि उत्पादन सम्बन्धी नीति

२. खाद्यान्न र दलहन, तेलहन, कपास, जूट, उखु, सूर्ति लगायत नगदे तथा औद्योगिक बाली र तरकारी तथा फलफूल खेतीको विकास तथा सुधार

३. कृषि रसायन तथा माटो सम्बन्धी अनुसन्धान र ज्ञानको उपयोग

४. कृषि इन्जिनियरिङ्ग र उन्नत कृषि औजार

५. कृषि फार्महरू र कृषि केन्द्रहरू

६. बाली संरक्षण र तत्सम्बन्धी अनुसन्धान तथा सर्भेक्षण

७. कृषि प्रचार प्रसार तथा कृषक युवा कार्यक्रम

८. कृषि सम्बन्धी नर्सरी तथा बिउ बिजनको विकास

९. पशुपक्षी पालन तथा यसको विकास, नश्ल सुधार दाना र चरण विकास



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. पशु चिकित्सा, पशु रोगको रोकथाम र औषधि उत्पादन तथा पशु चिकित्सा अनुसन्धान
११. दुग्ध तथा दुग्धोत्पादित वस्तुहरूको विकास
१२. मत्स्यपालन
१३. कृषिजन्य वस्तुहरूको बजार तथा मूल्य सम्बन्धी सेवा
१४. कृषि सामग्री तथा कृषि प्रविधि विकास सम्बन्धी संस्थान, समितिहरू सम्बन्धी
१५. कम्पोष्ट मल
१६. साझा विकास नीति तथा कार्यक्रम
१७. साझा शिक्षा तथा तालीम र साझा संस्था संगठन तथा प्रवर्द्धन
१८. प्लाण्ट क्वारेण्टिन
१९. अन्तर्राष्ट्रिय कृषि संस्था सम्बन्धी
२०. खाद्य अनुसन्धान
२१. मौरी पालन तथा च्याउ, रेशम आदि विशेष बालीहरूको विकास सम्बन्धी
२२. कृषि सेवा अन्तर्गतका समूह र उपसमूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको सञ्चालन ।

## ८. गृह मन्त्रालय

१. शान्ति सुरक्षा सम्बन्धी
२. नेपाल प्रहरी
३. कारागार
४. हातहतियार र खरखजानाको इजाजत
५. नेपाल जनसम्पर्क प्रधान कार्यालय सम्बन्धी
६. विस्फोटक पदार्थ नियन्त्रण सम्बन्धी
७. विदेशी नागरिक उपर रेखदेख, नियन्त्रण र देशबाहिर पठाउने सम्बन्धी
८. सवारी नियन्त्रण
९. उपत्यकामा रहेका सरकारी सवारी साधन
१०. संघ संस्था सम्बन्धी
११. स्थानीय प्रशासन
१२. नागरिकता सम्बन्धी


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. आप्रवासन तथा प्रवासन
१४. तीर्थस्थान र तीर्थयात्रीहरू
१५. कल्याण धन र बेवारिसी धन
१६. चिट्ठा, जुवा इत्यादिको नियन्त्रण
१७. सार्वजनिक स्थानमा अवान्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ र सार्वजनिक अपराध आदिको नियन्त्रण
१८. दैवी प्रकोप सहायता
१९. केन्द्रीय सचिवालय, मन्त्री, संवैधानिक अङ्गका प्रमुख आदिको आवासको निमित्त केन्द्रीय सेवाको व्यवस्था
२०. सार्वजनिक बिदाको घोषणा, उर्दी र सार्वजनिक उत्सव आदि
२१. सार्वजनिक चन्दा सङ्कलन सम्बन्धी नियन्त्रण
२२. विभूषण सम्बन्धी
२३. अध्यागमन
२४. शरणार्थी सम्बन्धी
२५. अञ्चल र जिल्लाको सदरमुकाम तथा सिमाना
२६. जन्म, मृत्यु तथा अन्य घटना दर्ता सम्बन्धी
२७. बारुणयन्त्र सम्बन्धी
२८. लागू औषधि नियन्त्रण प्रशासन सम्बन्धी
२९. हाट बजार मेला
३०. अन्तरराष्ट्रिय सीमा र सीमा स्तम्भको हेरचाह र सम्भार
३१. स्थानीय प्रशासन, नेपाल प्रहरी र कारागार सम्बन्धी अनुसन्धान र अन्वेषण
३२. अञ्चल तथा जिल्लास्थित सरकारी भवनहरूको रेखदेख र नियन्त्रण
३३. विदेशी नागरिकले नेपालीलाई धर्मपुत्र वा धर्मपुत्री लिने सम्बन्धी
३४. गृह मन्त्रालय सम्बन्धी राष्ट्रिय र अन्तरराष्ट्रिय सम्मेलन
३५. अख्तियार दुरुपयोग अनुसन्धान आयोग र विशेष प्रहरी विभाग सम्बन्धी
३६. निर्वाचन आयोग सम्बन्धी
३७. जिउ मास्ने, बेच्ने र तस्करी नियन्त्रण सम्बन्धी
३८. अरू कुनै मन्त्रालय वा विभागको लागि किटानीसाथ नतोकिएको श्री ५ को सरकारको कुनै काम ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## ९. जलस्रोत मन्त्रालय

१. जलस्रोत नियन्त्रण तथा उपयोग सम्बन्धी नीति र सो सम्बन्धी विकास
२. जलस्रोत सम्बन्धी सर्भेक्षण, अनुसन्धान तथा सम्भाव्य अध्ययन
३. जलस्रोत सम्बन्धी बहुमुखी योजनाहरूको प्रवर्द्धन, निर्माण, सञ्चालन तथा सम्भार
४. जलस्रोत सम्बन्धी जनशक्तिको विकास
५. बाढी नियन्त्रण
६. विद्युत् र विद्युत् सम्बन्धी संस्थानहरू
७. जलमार्गको विकासको लागि निर्माण तथा यातायात मन्त्रालयसँग समन्वय गर्ने विषय
८. सिंचाइको लागि जलस्रोत (भूमिगत समेत) सम्बन्धी अध्ययन, अनुसन्धान तथा कार्यान्वयन
९. जलवायु सम्बन्धी अध्ययन र भविष्यवाणी
१०. सिंचाइ आयोजनाहरूको निर्माण, संरक्षण र सिंचाइ सुविधाको समुचित प्रयोग (फार्म सिंचाइ र साना सिंचाइ सम्बन्धी कार्यक्रमहरू समेत)
११. जलस्रोत सम्बन्धी वार्तालाप, सम्मेलन तथा सम्पर्क
१२. पानीपोत सम्बन्धी
१३. इन्जिनियरिङ सेवा अन्तर्गत देहायका समूह उपसमूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको सञ्चालनः–
(क) इलेक्ट्रिकल इन्जिनियरिङ समूह
(ख) मेकानिकल इन्जिनियरिङ समूह
(ग) मेटिरियोलजी समूह
(घ) प्लानिङ एण्ड मेनेजमेण्ट समूह
(ङ) हाइड्रोपावर उपसमूह
(च) इरिगेशन उप-समूह
(छ) हाइड्रोलजी उप-समूह ।

## १०. निर्माण तथा यातायात मन्त्रालय

१. स्थलमार्ग र जलमार्ग यातायात विकास सम्बन्धी नीति
२. सडक (घोडेटो बाटो समेत), पुल (झोलुङ्गे पुल समेत) निर्माण, मर्मत सम्भार एवं प्रवर्द्धन ।

६६८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. जल तथा सतहमार्ग (रोपवे समेत) द्वारा हुने यातायात तथा परिवहन सञ्चालन व्यवस्था
४. राजमार्ग तथा अन्य सार्वजनिक सडक योजना
५. स्थलमार्ग र जलमार्गको माध्यमबाट हुने यातायातमा सामन्जस्यता ल्याउने
६. यातायात (हवाई यातायात बाहेक), परिवहन, निर्माण तथा इन्जिनियरिङ्ग कन्सल्टेन्सी सम्बन्धी संस्थान तथा संगठनहरू
७. निर्माण तथा स्थलमार्ग र जलमार्ग सम्बन्धी यातायात विषयसंग सम्बन्धित अन्तरराष्ट्रिय संस्थाहरूसंगको सम्पर्क
८. पानी ढल (स्टर्भ वाटर ड्रेनेज)
९. नेपाल इन्जिनियरिङ सेवा अन्तर्गत ट्रान्सपोर्टेशन उप-समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको सञ्चालन ।

## ११. पर्यटन मन्त्रालय

१. पर्यटन सम्बन्धी नीति
२. पर्यटन उद्योग र पर्यटन प्रवर्द्धन सम्बन्धी
३. भ्रमण सम्बन्धी निकाय ट्राभल एण्ड ट्रेकिङ एजेन्सी
४. पर्यटन पथप्रदर्शक तथा होटेल व्यवस्थापन र तालीम सम्बन्धी
५. पर्वतारोहण सम्बन्धी
६. अन्तरराष्ट्रिय पर्यटन संस्थाहरूको सम्पर्क
७. हवाई यातायात विकास सम्बन्धी नीति
८. विमानस्थलको निर्माण, मर्मत तथा सम्भार एवं सम्वर्द्धन
९. हवाईमार्गद्वारा हुने यातायात तथा परिवहनको सञ्चालन व्यवस्था
१०. हवाई विकास योजना
११. हवाई यातायात सम्बन्धी संस्थान तथा संगठनहरू
१२. हवाई यातायातसंग सम्बन्धित अन्तरराष्ट्रिय संस्थाहरूसंगको सम्पर्क
१३. नेपाल इन्जिनियरिङ सेवा अन्तर्गत देहायका समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको सञ्चालनः—

(क) एरोनटिकल इन्जिनियरिङ समूह



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) इलेक्ट्रोनिक एण्ड टेलिकम्यूनिकेशन इन्जिनियरिङ समूह
(ग) सिभिल एभिएशन अपरेशन तथा इन्जिनियरिङ समूह ।

## १२. परराष्ट्र मन्त्रालय

१. परराष्ट्र नीति
२. विदेशी राष्ट्रहरूसंग सम्बन्ध
३. नेपालस्थित विदेशी नियोगहरू
४. विदेशमा नेपालको प्रतिनिधित्व
५. विदेशमा नेपाल सम्बन्धी प्रचार
६. विदेशी राष्ट्रहरूसंग लेखापढी
७. संयुक्त राष्ट्र संघ तथा अन्तरराष्ट्रिय वा क्षेत्रीय संस्थाहरू
८. सपुर्दगी
९. राहदानी (पासपोर्ट) तथा विदेशमा दिने भिसा
१०. अन्तरराष्ट्रिय सम्मेलनमा भाग लिने
११. अतिथि सत्कार
१२. प्रोटोकल (शिष्टाचार)
१३. नेपाल एवं अरू देशका नागरिकहरूको आ-आफ्नो सरकारबाट व्यक्ति माथिको दावा
१४. विदेशमा रहेका नेपाली नागरिकहरूको संरक्षण र हित सम्बन्धी कार्य ।

## १३. भूमिसुधार तथा व्यवस्था मन्त्रालय

१. भूमिसुधार तथा व्यवस्था सम्बन्धी नीति र योजना
२. भूमिसुधार सम्बन्धी राष्ट्रिय र अन्तरराष्ट्रिय सम्मेलन
३. अनिवार्य बचत योजना, ऋण वितरण र ऋण असूली
४. मालपोत र रजिष्ट्रेशन सम्बन्धी
५. जग्गा दर्ता सम्बन्धी
६. गुठी संस्थान
७. जग्गा नाप जाँच सम्बन्धी प्रशासन र तालीम
८. जियोडेटिक नापी गर्ने टोपोग्राफिक नक्सा तयार गर्ने र हवाई सर्भेक्षण गर्ने
९. इन्जिनियरिङ सेवाको नापी समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरु नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको सञ्चालन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## १४. रक्षा मन्त्रालय

१. रक्षा नीति
२. शाही नेपाली सेनाको गठन र नियन्त्रण
३. सैनिक अधिकृत जवानहरूको अनुशासन र सेवा शर्त
४. सैनिक गठन
५. सैनिक तालीम
६. सेना सम्बन्धी सुविधा
७. सैनिक हातहतियार र सामग्रीको खरिद र उत्पादन
८. सैनिक कारवाही र सेनाको गतिविधि आदि
९. शाही नेपाली सेना सम्बन्धी
१०. सैनिक निर्माणशाला
११. सैनिक व्यवस्थापन (इन्स्टेलेशन) र सञ्चार तथा यातायात
१२. सैनिक भण्डार
१३. शिलखाना
१४. सैनिक गुप्तचर विभाग
१५. सैनिक अस्पतालहरू
१६. सैनिक ब्यारेक तथा कार्यालयहरूको व्यवस्था
१७. प्रशासन, विकास कार्य र दैवी प्रकोप उद्धार कार्यमा सहयोग
१८. राष्ट्रिय सेवादलको संगठन, तालीम र प्रशासन
१९. भूतपूर्व सैनिकहरूको कल्याण सम्बन्धी
२०. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको सुरक्षा
२१. सैनिक कल्याणकारी योजना
२२. शाही नेपाली सैनिक विमान सेवा
२३. राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी ।

## १५. वन तथा भू-संरक्षण मन्त्रालय

१. वन सम्बन्धी नीति तथा योजना
२. सरकारी वन, धार्मिक वन, सामुदायिक वन, कबुलियती वन, निजी वन आदि
३. सरकारी र गैरसरकारी वन क्षेत्रको सर्भेक्षण, नाप नक्सा र सीमा निर्धारण
४. भू-उपयोग, वन जङ्गल र वन पैदावारको उपयोग, संरक्षण तथा सम्वर्द्धन सम्बन्धी
५. वन पैदावार विकास सम्बन्धी
६. वन उद्योग र कच्चा वन पदार्थहरूको प्रवन्ध तथा खोटो उद्योग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. वृक्षरोपण र वन सम्बन्धी अनुसन्धान
८. वन्यजन्तु एवं पशुपक्षीको संरक्षण र सदुपयोग
९. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र शिकार क्षेत्र
१०. हात्तिसार र चिडियाखाना
११. भू तथा जलाधार क्षेत्र संरक्षण, सम्वर्द्धन, विकास र समन्वय
१२. प्राकृतिक वातावरणको संरक्षण र सन्तुलन
१३. वनस्पति र जडीबुटी सम्बन्धी नीति, सर्भेक्षण, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, उत्पादन र उपयोग सम्बन्धी अनुसन्धान
१४. शाही वनस्पति उद्यान, जडीबुटी उद्योग
१५. वनस्पति सम्बन्धी संग्रहालय (हर्वेरियम)
१६. वन सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय तालीम, सम्मेलन, गोष्ठी र प्रदर्शनीहरू तथा प्रचार प्रसार
१७. वैकल्पिक ऊर्जा विकास सम्बन्धी
१८. श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष सम्बन्धी
१९. नेपाल वन सेवा सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको सञ्चालन ।

## १६. वाणिज्य मन्त्रालय

१. वाणिज्य नीति र कार्यान्वयन
२. आन्तरिक तथा अन्तरराष्ट्रिय व्यापार सम्बन्धी अध्ययन, अनुसन्धान र सर्भेक्षण
३. आयात निर्यात व्यापार सम्बन्धी नीतिगत निर्णय र अन्तरराष्ट्रिय व्यापार सञ्चालन
४. सरकारी तथा सार्वजनिक व्यापारको सञ्चालन
५. वाणिज्य र पारवहन सम्बन्धी सन्धि, सम्झौता, द्विपक्षीय र बहुपक्षीय अन्तर सरकारी वाणिज्य वार्ता र तत्सम्बन्धी समीक्षा
६. राष्ट्रिय, क्षेत्रीय, अन्तरराष्ट्रिय वाणिज्य र पारवहन सम्बन्धी संघ संस्थाहरूसंग सम्पर्क, सहयोग र समन्वय
७. पारवहन, गोदाम तथा अन्तरराष्ट्रिय परिवहन सम्बन्धी
८. व्यापार, परिवहन र अन्तरराष्ट्रिय परिवहन सम्बन्धी सूचनाहरूको सङ्कलन विश्लेषण र सूचनाको आदान प्रदान

८८२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. आन्तरिक तथा अन्तरराष्ट्रिय व्यापार सञ्चालनका लागि विभिन्न वैकल्पिक परिवहनका साधनहरू सम्बन्धी अध्ययन सर्भेक्षण र कम खर्चिलो परिवहन सम्बन्धी आवश्यक व्यवस्था

१०. उपर्युक्त क्षेत्रमा दक्ष जनशक्तिको विकास तालीम ।

## १७. शिक्षा तथा संस्कृति मन्त्रालय

१. शिक्षा तथा संस्कृति सम्बन्धी नीति
२. साधारण, विज्ञान तथा प्रविधि, प्राविधिक, व्यावसायिक, नैतिक, शारीरिक शिक्षा सम्बन्धी
३. शिशु, प्राथमिक, माध्यमिक, उच्च माध्यमिक, प्रौढ तथा उच्च शिक्षा
४. शैक्षिक तथा शिक्षण साहित्यिक एवं कलात्मक संस्थाहरू
५. खुल्ला प्रतियोगिताबाट मनोनयन हुने छात्रवृत्ति तथा विदेशमा अध्ययन अनुसन्धान गर्न जाने स्वीकृति
६. विदेशीहरूलाई नेपालमा अध्ययन अनुसन्धान गर्न आउने स्वीकृति
७. पुस्तकालय, संग्रहालय (म्यूजियम) र अभिलेखालयहरू
८. पुरातात्विक वस्तुहरूको संग्रह र संरक्षण
९. यूनेस्को, इसीमोड र यूनिसेफ सम्बन्धी
१०. प्रतिलिपि अधिकार सम्बन्धी
११. विश्वविद्यालय सम्बन्धी
१२. पुरातात्विक महत्व भएका स्मारकहरूको संरक्षण तथा सम्वर्द्धन
१३. पुरातात्विक अन्वेषण तथा उत्खनन्
१४. देशबाहिर लगिने पुरातात्विक सामानहरूको जाँच र अनुमति
१५. राष्ट्रिय इतिहास अनुसन्धान
१६. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान सम्बन्धी
१७. खेलकूद र बालचर सम्बन्धी
१८. शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन
१९. जनक शिक्षा सामग्री केन्द्र सम्बन्धी
२०. सांस्कृतिक संस्थान सम्बन्धी
२१. अन्तर्राष्ट्रिय सांस्कृतिक सम्झौता, सांस्कृतिक आदान प्रदान आदि
२२. पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. नेपाल शिक्षा सेवा सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गत विभागीय कारवाही आदि कामको सञ्चालन
२४. पशुपति क्षेत्र विकास कोष सम्बन्धी
२५. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान सम्बन्धी
२६. लुम्बिनी विकास कोष सम्बन्धी ।

## १८. श्रम तथा सामाजिक कल्याण मन्त्रालय

१. श्रम तथा सामाजिक कल्याण सम्बन्धी नीति तथा कार्यान्वयन
२. श्रमशक्ति तथा सामाजिक कल्याण सम्बन्धी अध्ययन, अनुसन्धान, सर्भेक्षण तथा तालीम
३. राष्ट्रिय, अन्तर्राष्ट्रिय श्रम तथा सामाजिक कल्याण सम्बन्धी संघ, संस्थाहरू-संग सम्पर्क र सम्बन्ध
४. बाल, युवा, महिला, बृद्ध तथा निःसहायहरूको हित, संरक्षण, सम्वर्द्धन जस्ता समाज कल्याण सम्बन्धी
५. सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् सम्बन्धी
६. श्रमिक र काम लगाउने व्यक्तिबीचको सम्बन्ध
७. श्रमिक आपूर्ति सम्बन्धी
८. सरकारी क्षेत्रमा सामाजिक कल्याण
९. महिला कल्याण सम्बन्धी ।

## १९. सञ्चार मन्त्रालय

१. सञ्चार सम्बन्धी नीति
२. प्रेस तथा सूचना
३. हुलाक
४. पत्र-पत्रिकाको विकास तथा प्रकाशन
५. सूचना, प्रचार तथा प्रसार
६. रेडियो तथा टेलिभिजन प्रसारण
७. चलचित्र विकास
८. दूर सञ्चार
९. फ्रिक्वेन्सी वितरण, व्यवस्थापन तथा मनिटरिङ
१०. नेपाल दूर सञ्चार संस्थान, गोरखापत्र संस्थान, चलचित्र संस्थान, रेडियो प्रसार सेवा विकास समिति, राष्ट्रिय समाचार समिति, नेपाल टेलिभिजन सम्बन्धी
११. प्रेस काउन्सिल सम्बन्धी
१२. सञ्चार सम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थानहरूसंगको सम्पर्क ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २०. सामान्य प्रशासन मन्त्रालय

१. निजामती कर्मचारी प्रशासन तथा अभिलेख सम्बन्धी नीति, योजना, कार्यक्रम र कार्यान्वियन
२. प्रशासन सुधार
३. प्रशासन सम्बन्धी अन्तर्राष्ट्रिय संघ, संस्था र सम्मेलन
४. श्री ५ को सरकारको तालीम सम्बन्धी नीति र सर्भेक्षण
५. श्री ५ को सरकारद्वारा चलाइएका विभिन्न प्रशासनिक तालीम कार्यक्रमहरूको समन्वय र मूल्याङ्कन
६. प्रशासन सेवा सम्बन्धी देशभित्र र बाहिरका तालीम योजना र कार्यक्रममा स्वीकृति
७. प्रशासन सम्बन्धी तालीमको सञ्चालन र निजामती कर्मचारीलाई प्रदान गरिने विभिन्न तालीम कार्यक्रमको समन्वय र मल्याङ्कन
८. तलब र अन्य सुविधा सम्बन्धी नीति र सिद्धान्त सम्बन्धी परामर्श दिने
९. प्रशासन सेवा राजपत्र अनंकित कर्मचारीहरूको एक मन्त्रालयबाट अर्को मन्त्रालय अन्तर्गत सरुवा
१०. लोक सेवा आयोग सम्बन्धी
११. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान सम्बन्धी
१२. नेपाल प्रशासन सेवा सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको सञ्चालन
१३. नेपाल विविध सेवा सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको सञ्चालन
१४. निजामती सेवा अन्तर्गतका विभिन्न सेवाहरूको बीच समन्वय र सामन्जस्य कायम गर्ने विषय सम्बन्धी ।
१५. कर्मचारी संगठन सम्बन्धी ।

## २१. स्थानीय विकास मन्त्रालय

१. दुर्गम क्षेत्र एवं स्थानीय विकास सम्बन्धी
२. सामुदायिक विकास
३. स्थानीय जनशक्ति र जनसहयोगको परिचालन
४. स्थानीय विकास सम्बन्धी तालीम, अनुसन्धान र अन्वेषण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. एकीकृत ग्रामीण विकास परियोजना सम्बन्धी
६. विकेन्द्रीकरण सम्बन्धी नीति निर्माण, कार्यक्रम कार्यान्वयन तथा अनुगमन
७. गाउँ, नगर र जिल्लाको सीमाङ्कन
८. ग्रामीण महिला विकास सम्बन्धी कार्य
९. स्थानीय प्रविधिको विकास
१०. स्थानीय विकासको कार्यक्रममा समन्वय
११. स्थानीय विकास सम्बन्धी अन्तरराष्ट्रिय सम्मेलन तथा सम्पर्क
१२. स्थानीय निकायहरू सम्बन्धी ।

### २२. स्वास्थ्य मन्त्रालय

१. स्वास्थ्य सेवा सम्बन्धी नीति
२. जनस्वास्थ्य तथा सार्वजनिक स्वास्थ्य सेवाको अनुसन्धान, योजना तथा विकास
३. एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र युनानी आदि चिकित्सा प्रणालीको विषयमा प्रतिकारात्मक, सम्वर्द्धनात्मक, उपचारात्मक तथा पुनःस्थापन सम्बन्धी अनुसन्धान तथा विकास
४. स्वास्थ्य सम्बन्धी तालीम
५. स्वास्थ्य सेवा सम्बन्धी गैरसरकारी संस्थाहरू
६. मेडिकल काउन्सिल र आयुर्वेद चिकित्सा परिषद्
७. औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य नियन्त्रण तथा बिक्री वितरण तथा औषधि वा औषधिका मादक पदार्थहरूको अनुचित प्रयोग वा दुरुपयोग हुन नदिई असुरक्षित तथा गुणस्तर नहुने औषधिको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी, सञ्चय र सेवनमा नियन्त्रण
८. स्वास्थ्य सम्बन्धी अन्तरराष्ट्रिय संस्थाहरू तथा सम्मेलनहरू
९. परिवार नियोजन तथा मातृशिशु कल्याण योजना, जनसंख्या नियोजन सम्बन्धी
१०. वातावरणीय स्वास्थ्य कार्यक्रम
११. स्वास्थ्य र पोषण शिक्षा
१२. नेपाल मेडिकल रिसर्च समिति वा काउन्सिल
१३. नेपाल स्वास्थ्य सेवा र सो अन्तर्गतका समूह, उप-समूह सम्बन्धी नियुक्ति, सरुवा, बढुवा, शुरू नियुक्तिको न्यूनतम शैक्षिक योग्यता र बढुवामा गणना हुने सम्बन्धित विषयको शैक्षिक योग्यताको निर्धारण, नि. से. नि. अन्तर्गतका विभागीय कारवाही आदि कामको सञ्चालन ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको मुख्य सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।